## मुसलधारे वर्षाले टिङलिङबासी त्राही-त्राही

**मिरिक, १२ मार्च।** हिजो अपरान्हको मुसलधारे वर्षाले टिङलिङ लिम्बुधुरा गाउँलाई फेरि एकपटक थरथर कपाएको छ। गत वर्ष मात्र पैह्रोले त्रासदी मच्चाएको लिम्बुधुरा गाउँमा हिजो अचानक परेको पानीले गर्दा गाउँकै माथि प्वाँलेधुरा गाउँमा रहेको झोड़ाबाट भल पसेपछि गाउँका मानिसहरू त्राही-त्राही भएका थिए। प्वाँलेधुरा गाउँमा झोड़ा व्यवस्थापनको काम शुरू भएको छ। झोड़ाको काम पूरा नभएको कारणले यहाँबाट बग्ने भलले लिम्बुधुरा सिरान खण्डमा रहेका घरहरूलाई ठूलो क्षति पुऱ्याउन सक्छ। हिजोको मुसलधारे वर्षापछि झोड़ाको भल घरहरूमा पसेको थियो। पानीको बहाव बढ़ी भए घरहरूलाई क्षति पुऱ्याउने प्रबल सम्भावना रहेको छ। स्थानीय ग्रामीणहरूले बताए अनुसार पछिल्लो वर्ष २०१५-को एक जुलाईमा यसै लिम्बुधुरा गाउँ भीषण पैह्रोको चपेटमा परेको थियो। पैह्रोमा परी १९ जनाले ज्यान गुमाएका थिए जसमध्ये ३ जनाको शव अहिलेसम्म पाउन सकिएको छैन। यस्तो भयावह स्थितिबाट गुज्रेका ग्रामीणहरूले गाउँको सिरानमा खनेर त्यतिकै छोड़िराखेको झोड़ाको काम पूरा गरिदिने आग्रह विभागीय अधिकारी एवं ठेकेदारहरूसित गरेका छन्। यस सम्बन्धमा भोलि मिरिक खण्ड विकास अधिकारी, मिरिक पुलिस थाना, महकुमा शासकलाई ज्ञापन-पत्र सुम्पिने जानकारी ग्रामीणहरूले दिएका छन्।

## एसएसबी-द्वारा सचेतना कार्यक्रमसितै खेलकूदको आयोजना

**मिरिक।** सिमा सशस्त्र सिमा बल (एसएसबी) ८ बटालियन ओकाइटीले आज सोमबार ९ माइल खेल मैदानमा सचेतना कार्यक्रमसितै विभिन्न खेलकूदहरूको आयोजना गऱ्यो। एसएसबीका कमाण्डेन्ट अरूण कुमार सिंहको अध्यक्षतामा समाज-सेवी पीएल जोशीको मुख्य आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमको पहिलो चरणमा सचेतना ऱ्याली निकालियो। त्यसपछि थर्बु उच्चतर माध्यमिक विद्यालय, नौ माइल प्राखथमिक पाठशाला अनि लिटल फ्लावर अंग्रेजी स्कूलका विद्यार्थीहरूलाई लिएर दौड़, भलिबल, जलेबी रेस जस्ता खेलहरू आयोजना गरियो। थर्बु उमाविकी शिक्षिका ललिता तितुङद्वारा संचालित कार्यक्र-ममा मानव तस्करी, सेभ ड्राइभ, बाल अधिकार, बेटी बचाओ, बेटी पढ़ाओ, पर्यावरण संरक्षण जस्ता गम्भीर विषयहरूमा सचेतना जगाउने काम गरियो। कार्यक्रममा मिरिक खण्ड संयुक्त अधिकारी एन शेर्पा, एसएसबीका द्वित्तीय कमान अधिकारी गौरव मिश्र, इन्सपेक्टर मोइराम, सब-इन्स्पेक्टर निशान्त सिंह, छब्बिसे बीओपी कमाण्डर कुमार बर्मन, सहायक उप-निरीक्षक बीसी भट्ट लगायत स्थानीय संघ-संस्थाका प्रतिनिधिहरू अनि थर्बु स्कूलका शिक्षक-शिक्षिकाहरूको विशेष उपस्थिति रहेको थियो।

# शेर्पा बोर्डद्वारा घर वितरण



**दार्जीलिङ, १२ मार्च।** पश्चिम बङ्गाल शेर्पा सांस्कृतिक बोर्डद्वारा नवनिर्माण घरहरूको उद्घाटन गर्दै घरधनीलाई सुम्पिने कार्य भयो। शेर्पा सांस्कृतिक बोर्डका चेयरम्यान निमा वाङ्दी शेर्पाको बाहुलीबाट विजनबारी, लोधमा, रिम्बिक आदि क्षेत्रका विभिन्न गाउँहरूमा बोर्डद्वारा निर्माण गरिएका नवनिर्मित घरहरूको उद्घाटन गर्दै घरधनीलाई सुम्पिने काम गरियो।

उद्घाटन कार्यको प्रारम्भमा शेर्पा समुदायका पुरोहित बौद्ध लामाहरूले मन्त्र उच्चारण गर्दै पूजा-पाठ गरे अनि चेयरम्यान शेर्पाले रिबन काटेर घरको उद्घाटन गर्दै घरधनीलाई सुम्पिने काम गरे।

कार्यक्रमको अध्यक्षता पासाङ शेर्पाले गरेका थिए भने सो कार्यक्रममा लामा गाउँ, मजुवा, झैपी, रमिते, कैंजले, थापा गाउँ, सनमान गाउँ आदि क्षेत्रहरूका मानिसहरू व्यापक रूपमा उपस्थित थिए। कार्यक्रमलाई सम्बोधन गर्दै चेयरम्यान शेर्पाले बोर्ड अनि यसद्वारा निर्माण घरहरूबारे सबैलाई जानकारी गराउँदै आगामी दिनहरूमा पनि अझ पाँच सयवटा घरहरूको निर्माण गरिने घोषणा गरे। राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले शेर्पा जातिको उत्थान र संस्कृति सुरक्षार्थ शेर्पा बोर्ड गठन गरिदिएको भन्दै उनले शेर्पा जातिको उत्थान अनि संस्कृतिको जगेरा गर्न आफूहरू लागिपरेको बताए। यसैबीच, स्थानीय कलाकारहरूद्वारा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरियो।

उल्लेखनीय छ, पश्चिम बङ्गाल सरकारले शेर्पा समुदायका गरिबी रेखामुनिका परिवारहरूका लागि उत्थान र शेर्पा सांस्कृतिको सुरक्षा गर्न विगत केही वर्षअघि पश्चिम बङ्गाल शेर्पा सांस्कृतिक विकास बोर्ड गठन गरेको हो अनि विकास बोर्डले आफ्नो गठनकालदेखि नै गरिबी रेखामुनिका शेर्पा परिवारहरूको घर निर्माण गर्ने कार्यहरू गर्दै आइरहेको छ।

### कालेबुङमा १५ वटा माध्यमिक परीक्षा केन्द्र

# ४०२९ विद्यार्थीहरु परीक्षामा

**अरुण रसाईली**

कालेबुङ, १२ मार्च। पश्चिम बंगाल शिक्षा पार्षदद्वारा सञ्चालित आजदेखि माध्यमिक परीक्षा अन्य क्षेत्रमा झैं कालेबुङ जिल्लाभरि अत्याधिक जाड़ो बीच आरम्भ भयो।

परीक्षार्थीहरूका निम्ति आकाश कै फल मानिने माध्यमिक परीक्षामा यसपालि पनि कालेबुङ जिल्ला अन्तर्गत रहेका कालेबुङ नगरपालिका क्षेत्र लगायत कालेबुङ खण्ड (१), खण्ड (२) र खण्ड (३) मा गरी जम्मा पन्ध्रवटा परीक्षा केन्द्रहरूमा ४०२९ जना परीक्षार्थीले माध्यमिक परीक्षा लेखे।

यस वर्ष २०१८-मा वर्ष झैं नगरपालिका क्षेत्र, कालेबुङ खण्ड (१) र (२)-का दशवटा परीक्षा केन्द्रहरूमा नियमिक (रेगुलर) परीक्षार्थीहरू २३१५ जना र वाह्य परीक्षार्थी ५९ जना गरी जम्मा २३७४ जना परीक्षार्थीहरूले परीक्षा लेखे।

यसरी नै कालेबुङ जिल्ला अन्तर्गत रहेको कालेबुङ खण्ड (गोरूबथान)-३ का ५ वटा परीक्षा केन्द्रमा रेगुलर ११६१ जना अनि बाह्य ४९४ जना गरी जम्मा १६५५ जना परीक्षार्थीहरूले परीक्षा लेखे। कालेबुङ नगरपालिका क्षेत्र, कालेबुङ खण्ड (१), खण्ड (२) र खण्ड (३) मा गरी मोठ रेगुलर ३४७६ जना परीक्षार्थी अनि वाह्य ५५३ जना गरी मोठ ४०२९ जना परीक्षार्थीहरूले परीक्षा दिइरहेका छन्।

कालेबुङ नगरपालिका क्षेत्र लगायत कालेबुङ खण्ड (१) र खण्ड (२) मा भएका दसवटा परीक्षा केन्द्रहरू यस प्रकारले छ। कुमुदिनी होमस केन्द्रमा एसयुएमआई विद्याश्रमका २३१ जना परीक्षार्थीहरूले परीक्षा लेखिरहेका छन्। अलगड़ा हाई स्कूल केन्द्रमा सन्त जर्ज हाई स्कूल पेदोङका ३४२ जना, इण्डो टिबेटन स्कूल केन्द्रमा लोले सम्पू हाइ स्कूल, बरबोट हाइ स्कूलका १०६ जना, कालेबुङ गर्ल्स हाई स्कूल केन्द्रमा सन्त फिलोमिना र प्रणामी बालिका विद्या मन्दिर गरी जम्मा २२६ जना परीक्षार्थीहरू गभर्मेन्ट हाइ स्कूल केन्द्रमा जुबिलि हाई स्कूल रम्भि हाई स्कूल, इण्डो टिबेटन हाई स्कूल र गंगोत्री हाई स्कूल गरी जम्मा ३१२३ जना, जुविली हाई स्कूल केन्द्रमा कुमुदिनि होम्सका १९३ जना परीक्षार्थीहरू ,पागाङ गुम्पा हाइ स्कूल केन्द्रमा लामा हाई स्कूल, दलपचन्द हाई स्कूल, मन्सोङ हाई स्कूल र रामलाल दाहाल हाई स्कूल गरी जम्मा १२४ जना परीक्षार्थीहरू, सन्ट जर्ज हाई स्कूल, पेदोङ केन्द्रमा अलगड़ा एचएसक कागे एचएस, लिङ्गसे एचएस, टेण्डर वड्र्स र पागाङ गुम्पा हाइ स्कूल गरी जम्मा ३३७ जना परीक्षार्थीहरू, प्रणामी बालिका विद्या मन्दिर केन्द्रमा कालेबुङ गलर्स हाइ स्कूल, चन्द्रमाया हाइ स्कूल गरि जम्मा २०९ जना परीक्षार्थीहरू अनि एसयूएमआई विद्याश्रम केन्द्रमा शंकर एचएस, गित्डाब्लिङ एचएस गणेश एचएस, समचार हाइ स्कूल, सुरूक एचएस, टिस्टा ब्रिज एचएस, गभमेन्ट हाइ स्कूल गरी जम्मा ४२४ जना अनि वाह्य ५६ जना परीक्षार्थीहरूले माध्यमिक परीक्षा लेखेका छन्। जसको मूल केन्द्र कुमुदिनी होम्सका शिक्षक प्रभारी एवं सचिव वाइडी घिसिङले जानकारी दिएका छन्।

अर्कोतिर, गोरूबथान खण्ड ३ अन्तर्गत जुद्धबीर हाइ स्कूल केन्द्रमा ३ वटा विद्यालयहरू र गैरीबाँस हाइ स्कूल केन्द्रमा २ वटा विद्यालयहरूका परीक्षार्थीहरूले परीक्षा लेख्ने छन्। जुद्धबीर एचएस केन्द्रमा ३९९ जना परीक्षार्थीहरू, अम्बियोक एचएसमा १७९ जना परीक्षार्थीहरू, बाग्राकोट एचएसमा ५८३ जना परीक्षार्थीहरू, गैरीबाँस एचएस केन्द्रमा अनि जलढका एचएस केन्द्रमा २६५ जना परीक्षार्थीहरू र वाह्य ४९४ जना परीक्षार्थीहरू रहेको जानकारी प्राप्त भएको छ। आज प्रिन्ट मिडिया र इलोकट्रोनिक मिडियाहरूले माध्यमिक परीक्षाको जानकारी लिन कालेबुङ नगरपालिका क्षेत्रमा भएका विद्यालयहरूमा जाँदा कुनै पनि विद्यालयहरूले मिडियालाई विद्यालयभित्र प्रवेश गर्न नदिएकोमा अब उसो परीक्षा विषयमा समाचार प्रकाशित नगरिने संवाददाताहरूको टेक रहेकोको छ।

## माध्यमिक परीक्षा शुरू

**दार्जीलिङ/खरसाङ/ मिरिक, १२ मार्च।** अन्ततः सोमवारदेखि शुरू भयो माध्यमिक परिक्षा। राज्यका अन्य क्षेत्रहरूमा झैं दार्जीलिङमा पनि सोमवारदेखि माध्यमिक परीक्षा शुरू भयो। दार्जीलिङका आठवटा केन्द्रहरूमा २२९१ परीक्षार्थीहरूले यस वर्षको माध्यमिक परीक्षा दिइरहेका छन्, जसमा केटाहरूको संख्या ११८८ छ भने केटीहरूको संख्या ११०३ रहेको छ। मोठ परीक्षार्थीहरूमा रेगुलर २०६६, सीसी १४८ अनि कम्पार्ट ७७ जना रहेका छन्। दार्जीलिङका आठवटा केन्द्रहरूमा दार्जीलिङ नगरपालिका बोइज, नगरपालिका गर्ल्स, टर्नबुल, ब्लूम फिल्ड, सन्त रोबर्ट, नगरपालिका गर्ल्स, सन्त माइकल अनि हिन्दी हिमाचल रहेका छन्। यी केन्द्रहरूमा सञ्चालन भइरहेका केन्द्रहरूको मुख्य केन्द्र नगरपालिका बोइज हाई स्कूल बनाइएको छ। परीक्षा अवधि शान्ति शृङ्खला बनाइराख्न परीक्षा केन्द्रहरू वरिपरि १४४ धारा लगाइएको छ।

यसरी नै खरसाङमा पनि पश्चिम बंगाल माध्यमिक शिक्षा परिषदद्वारा सारा राज्यभरि संचालित माध्यमिक परीक्षा-२०१८ आज सोमबारदेखि आरम्भ भएको छ। खरसाङमा प्रथम दिन प्रथम भाषा (हिन्दी, नेपाली, बंगला आदि) को परीक्षा शान्तिपूर्ण सम्पन्न भयो। परीक्षा प्रभारी खरसाङ महकुमा शासक कार्यालयका डेपुटी मेजिस्ट्रेट तथा डेपुटी कलेक्टर बिपल्वनाथले बताए, यस वर्ष माध्यमिक परीक्षालाई सुचारू रूपमा संचालन गर्न खरसाङ सर्कल अनि तीनधारे सर्कलको लागि कुल ९ वटा केन्द्र स्थापना गरिएको छ। परीक्षार्थीहरूको कुल संख्या११३८-मा छात्र परीक्षार्थीहरूको संख्या ५५८ अनि छात्रा परीक्षार्थीहरूको संख्या ५८० छ। आधिकारिक सूत्र अनुसार प्रत्येक परीक्षा केन्द्रमा पुलिस व्यवस्था दुरूस्त गरिएको छ। यसबाहेक परीक्षा केन्द्रको वरिपरी १४४ धारा लगाइएको छ। परीक्षार्थीहरूको सुविधाको निम्ति आरटीओद्वारा वाहनहरूको व्यवस्था अनि स्वास्थ्य विभागको तर्फबाट एम्बुलेन्स र प्राथमिक उपचारको पूर्ण व्यवस्था गरिएको छ।

यता, मिरिकमा पनि पश्चिम बंगाल माध्यमिक शिक्षा परिषदद्वारा संचालित माध्यमिक परीक्षा आजदेखि शुरू भएको छ। मिरिक महकुमामा मोठ ६०४ जना परीक्षार्थीहरूले माध्यमिक परीक्षा लेखिरहेका छन् जसमा छात्र परीक्षार्थीहरूको संख्या २८१ छ भने छात्रा परीक्षार्थीहरू ३२३ छन्। परीक्षाको निम्ति मिरिकमा ३ वटा परीक्षा केन्द्रहरू निर्धारण गरिएको छ डनबस्को स्कूल, सौरेनी रविन्द्रनाथ उमावि अनि फुवागढ़ी उमावि। बोर्ड परीक्षा सुचारू रूपमा संचालन गर्न प्रशासनले परीक्षा केन्द्र परिसरमा सुरक्षाको कठोर बन्दोबस्त गरेको छ। आज पहिलो दिन नेपाली भाषाको प्रथम पत्रको परीक्षा परीक्षार्थीहरूले शान्तिपूर्ण परि-वेशमा लेखे। परीक्षावधि मिरिक क्षेत्रमा कुनै प्रकारको अप्रिय घटना घटेको समाचार छैन। मिरिक महकुमा पुलिस अधिकारी अरिन्धम अधिकारी, मिरिक थाना प्रभारी, स्कूल बोर्डका परीक्षा नियन्त्रण अध्यक्ष एआई एनडी भोटिया आदिले सबै परीक्षा केन्द्रहरूको भ्रमण गरी परीक्षार्थीहरूलाई भयरहित परीक्षा लेख्ने अनुरोध गरे। परीक्षा केन्द्रमा मोबाइल फोनको प्रयोगमाथि रोक लगाइएको छ।

### बसिवियाँलोको शतकिय प्रकरण

# डा. डिक बहादुर देवान गाउँ बुढ़ाको पदवीले सम्मानित



**कालेबुङ, १२ मार्च।** समाजको पतन अवश्यभावी छ जुन समाजमा बिचार बन्दी छ, विचार उन्मुक्त हुनुपर्छ। हैकमका चट्टानहरूको थिचाइबाट, हेपुवा बाहुवलीहरूका मिचाइबाट अनि येत्रो बेकामे परम्पराहरूको पिंजराबाट विचारले मुक्ति पाउनैपर्छ। चारैतिर विधानहरूको छेकाबारे भएको वाद र सिद्धान्तहरूको तगारो भएको, संस्कार र रूढ़िवादको बन्देज भएको दुनियाँमा एउटा फलैँचा यस्तो होस, जहाँ भयरहित भई नजर जुझाएर आफ्नो कुरो भन्न सकौं, मनको बह पोख्न सकौं, सुन्ने मान्छे राजा होस कि भिखारी, चाहे सुन्ने मान्छे नै नहोस्। यसरी जन्मियो बसिवियाँलो उन्मुक्त विचारको फलैँचा। केहि विचारहरूको मिलेमतोमा नै यो यात्रा शुरू भयो। १७५ महिनाहरू झण्डै चौध-पन्ध्र वर्ष। बसिवियाँलोको २५ औं प्रकरणलाई विशेष महत्व दिनलाई बसिवियाँलो परिवारले गाउँ-बुढ़ा सम्मानको सोंचलाई अघि बढ़ाए। विभिन्न विधाहरूमा लागिपरेर दीर्घकालीन सेवा पुऱ्याउने समाजका अभिभावकतुल्य व्यक्तिलाई सम्मान प्रदान गर्ने प्रथा बसालियो। रजत (२५), स्वर्ण (५०), हिरक (७५), शतकिय (१००), पञ्चरजत (१२५) अनि शतकिय स्वर्ण (१५०) औंसम्म गरेर जम्मा ६ जना गाउँ-बुढ़ा सम्मानित भइसकेपछि हिज १७५ (शतकीयहिरत्सव) औं प्रकरणको विशेष अवसरमा पेदोङका शिक्षाविद डा. डिक बहादुर देवानलाई यो पदवीले सम्मानित गरियो।

मानिस उमेरमा बाँच्दैन, कर्तव्यमा बाँच्छ। केही उमेरले पाके पनि तन्देरी नै रहन्छन् कर्मले। झण्डै बुढ़ाको पदवीले सम्मान गरेर बसिवियाँलो परिवार कालेबुङले अझ ममाथि दायित्व थपिदियो। यो कुरा आज मलाई प्रदान गरिएको सम्मानले अझ थप केहि गर्नसक्ने अनुभव गराएको छ भने यो अनुभव मेरो निम्ति सुखद अनि खुशीले गदगद पूर्ण रहेको छ। हिज उन्मुक्त विचारको फलैँचा मासिक कार्यक्रम बसिवियाँलोको १७५ प्रकरण अनि नेपाली साहित्य मञ्च, पेदोङको घरपट्टित्वमा पेदोङको वडस एकाडेमीको हलमा सम्पन्न प्रकरणमा गाउँ बुढ़ाको पदवीले सम्मानित डा. डिक बहादुर देवानले उक्त मन्तव्य पोखे।

डा. देवानले आफ्नो भनाई सम्बोधनमा जारी राख्दै मैले लेखेका बाह्रवटा पुस्तकहरू प्रकाशित भइसकेका छन्, तर कुनै पनि कृतिको मूल्याङ्कन नभएको बताए। मेरा पुस्तकहरूमा के-कस्ता कमीहरू छन् त्यसमाथि औंलाई दिने भएनन्। मलाई मेरो प्रथम पाठ्य पुस्तक ''कि टू इङ्गलिस'' को धेरै माया लाग्दछ। यस पुस्तकले धेरैलाई सहयोग पुऱ्याएको छ। मैले थोरै रहरले लेखे, धेरै करले लेखे भनी डा. देवानले भने।

डा. देवानलाई बसिवियाँलोको पक्षबाट यसका संस्थापक श्रष्टा सीके श्रेष्ठ, अतिथि नरबहादुर दाहाल, दागोपापका पूर्व प्रमुख सचिव डीटी ताम्लोङ, खरसाङका तिलक शर्मा आदिको बाहुलीबाट शिरमा ढाका टोपी, फूलको माला वर्को ओढ़ाइ, प्रशस्ति-पत्र अनि लौरो प्रदान गरि गाउँ-बुढ़ाको पदवीले सम्मान गरियो।

नेपाली साहित्यिक मञ्च, पेदोङका सदस्य एवं पूर्व शिक्षक निर्मल शर्मा अनि बरिवियाँलो-को १७५ औं प्रकरण समारोहका संयोजक एवं शिक्षक रूद्र कार्कीद्वारा स्वागत सम्बोधन राखिएपछि नेपाली साहित्यकाशका भिष्मपितामह डा. इन्द्र बहादुर राईको असामयिक निधनमा श्रद्धाञ्जलि अर्पण गर्दै बसिवियाँलोको गाउँ बुढ़ा उपाधिले सम्मानित व्यक्ति एवं साहित्यकार द्वय महानन्द पौड्याल, सानुमति राई, अनि बसिबियाँलोका सहयात्री बसन्त सिलाल, प्रणयमणि सिलालको निधनमा पनि श्रद्धाञ्जलि चढ़ाउँदै दिवंगत आत्मा शान्तिको कामना गर्दै एक मिनटको मौन धारण गरियो।

बसिवियाँलोका सहयात्रीहरूद्वारा सीके श्रेष्ठको अगुवाईमा जागरण गीत प्रस्तुत गरिएपछि बसिवियाँलोका नाइके एवं पत्रकार अरूण कुमार रसाइलीद्वारा बसिवियाँलोको आचार संहिता पाठ गरेका थिए।

साहित्यकार एवं बसिवियाँलो-का मूल नाइके हिरा छेत्रीद्वारा सञ्चालित समारोहमा छेत्रीले बसिबियाँको परिचय, पृष्ठभूमि र विचारहरूबारे उपस्थित वर्गलाई खुबै मनोरञ्जनात्मक ढंगमा प्रस्तुत गरेका थिए उन्मुक्त विचार कार्यक्रमको अवसरमा मिरिक साहित्य सुनौं-का अध्यक्ष एवं कवयित्री कमला राई कवयित्रीहरू सिला राणा, कमला तामाङ, बड़ा मगंमायाकी कवयित्री शान्तिसहारा राई, रोशन राई (मिरिक), खरसाङका कवि विनोद रसाइली, पेदोङका विनोद प्रधान र भानु प्रधान आदिले आ-आफ्नो कविता सुनाए। यसरी नै सिलगड़ीका वरिष्ठ साहित्यकार एवं युग्मक लेख्नमा खप्पिस रहेका कालूसिंह रहनपहेंलीले कार्यक्रममा आफ्नो बेजोड़ अनि समय सापेक्ष युग्मक प्रस्तुत गरेर कार्यक्रमलाई रोमाञ्चित तुल्याएका थिए।

कार्यक्रममा डा. हर्कबहादुर छेत्री, नर बहादुर दाहाल अनि समशेर अलिले आफूहरूसित रहेका स्व. इन्द्रबहादुर राईका संस्मरणहरू साझा गरेका थिए। डा. हर्क बहादुर छेत्रीले आफ्नो सम्बोधनमा डा. डिक बहादुर देवानबारे आफ्नो विचार पेश गरे।

बसिबियाँलोका सहयात्री एवं पेदोङ डिग्री कलेजका प्रभारी नविन पौड्यालले गाउँ-बुढ़ाको पदवीले सम्मानित गर्न अघि डा. डिक बहादुर देवानको संक्षिप्त परिचय र जीवनी पेश गरेका थिए। कार्यक्रममा वरिष्ठ कवि डा. राजेन्द्र भण्डारीले पनि कविता पाठ गरे।

कार्यक्रममा डा. सरोजा राई, स्वर्णिय धमाला, मिरिकका गणेश बराइली, नेसाअसमितिका अध्यक्ष ज्ञान सुतार, हरिश मोघत्तान अल्लारे पेदोङ नेपाली साहित्यिक मञ्चका अध्यक्ष एवं शिक्षक भानु अधिकारी देव भण्डारी आदि उपस्थित थिए। कार्यक्रममा स्वामी सदानन्दले कविता, निर्मला पौड्ेल अनि राजेन छेत्रीले नेपाली गीत प्रस्तुत गरेका थिए। अन्तमा सीके श्रेष्ठले सम्बोधन गरी कार्यक्रम समापन भएको घोषणा गरे।

## परीक्षार्थीहरूको उत्साहवर्धक अंशग्रहण

**बिजनबारी १२ मार्च।** गत वर्षको तुलनामा यस वर्ष २०१८ को सत्रमा बिजनबारी क्षेत्र अन्तर्गतमा पर्ने सरकारी विद्यालय तथा गैर सरकारी शैक्षिक संस्थानबाट माध्यमिक परीक्षामा अंशग्रहण गर्ने विद्यार्थीहरूको संख्या यस प्रकार रहेको जान्नमा आएको छ। बिजनबारी केन्द्र अन्तर्गत तीनवटा भेन्युबाट क्रमैले विद्यासागर उ.मा. विद्यालय बिजनबारी, चुङथुङ माध्यमिक विद्यालय अनि मेरिबुङ माध्यमिक विद्यालयमा जम्मा ५९५ जना परिक्षार्थीहरू छन्। विद्यासागर केन्द्रमा २४३, चुङथुङ केन्द्रमा २२१ अनि नेरिबुङ केन्द्रमा १३१ जना परीक्षार्थीहरूले अंशग्रहण गरेका छन्। क्षेत्रको अन्य सरकारी उच्च विद्यालयहरूमा पुलबजारस्थित राजाराम उ.विद्यालयबाट माध्यमिक परीक्षाको निम्न १२ जना छात्रा साथै १२ जना छात्र रहेको थाह लागेको छ। साथै यस क्षेत्रका गैर सरकारी विद्यालयहरूमा सप्तश्री अकादमीबाट जम्मा १५ जना तथा लिटल रंगित अंग्रेजी स्कूलबाट ३४ जना विद्यार्थीहरूले माध्यमिक परीक्षामा अंश ग्रहण गरेको खबर प्रजाशक्तिलाई जानकारी दिए।

## डा. इबराको निधनमा शोकसभा

**खरसाङ, १२मार्च।** खरसाङका विभिन्न साहित्यिक, सामाजिक, सांगीतिक एवं नाट्य क्षेत्रसित सम्बन्धित संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा स्थानीय गोर्खा जन पुस्तकालयमा सार्वजनिक शोक सभा आयोजना गरियो। सभामा भारतीय नेपाली साहित्यका शिखर पुरूष डा. इन्द्रबहादुर राई अनि हालैमा निधन भएको नगेन्द्र शर्माको निधनमा गहिरो शोक प्रकट गर्दै दुइ मिनटको मौन धारण गरियो। सभाको आरम्भमा पण्डित तुलसी अधिकारीले शान्ति मन्त्र पाठ गरे। वक्ताहरूले डा० इन्द्रबहादुर राई अनि नगेन्द्र शर्माको निधनलाई नेपाली साहित्यको निम्ति अपूर्णीय क्षति बताए। खरसाङका भूमिपुत्र नगेन्द्र शर्माले आफ्नो कर्मथलो नेपालको काठमाडौंलाई बनाएका थिए जसको हालैमा निधन भएको छ। उनले आफ्नो आमा-बुबाको नाममा नन्दहरि सम्मान पनि आरम्भ गरेका थिए। सभामा पुस्तकालयका अध्यक्ष रविनकुमार प्रधान, सचिव प्रकाश प्रधान, तिलक शर्मा, इन्दिरा थापा गुरूङ निरूपण, जय प्रकाश लामा, जीबी बल, खरसाङ नगरपालिकाका उपाध्यक्ष ब्रिगेन गुरूङ आदिको विशेष उपस्थिति रहेको थियो।

REVENUE INSPECTOR & SURVEYOR
Coaching at Sikkim Super-30
COMPREHENSIVE CRASH COURSE (6-Month)
SPSC,SSC,IBPS,Clerical,MAT,GATE-Math, GK, Reasoning, Aptitude, Eng.
Biren Sir, Rubin Sir,Bijay Sir, SS30-9564067727
Prepare yourself with professionals & crack Jobs
Reason for unemployment is not lack of opportunity, But Lack of ability

SPECIALIST DOCTORS
NOW AT JORETHANG
Dr Tshering Dorjee Sherpa MS(ENT)
SENIOR CONSULTANT ENT SURGEON from
NEOTIA GETWEL HEALTHCARE CENTRE, SILIGURI
Dr Bhushan Sharma MS (ORTHO)
SENIOR CONSULTANT ORTHOPEDIC SURGEON from
NIVEDITA HOSPITAL, SILIGURI
Dr Dipendra Gurung, MD (DERMATOLOGY)
SENIOR CONSULTANT SKIN SPECIALIST from
SUNRISE NURSING HOME, SILIGURI
AVAILABLE EVERY SUNDAY 10 AM TO 2 PM
AT
SUVARNA MEDICALS
Fountain Corner, 1st Lane Jorethang, South Sikkim
Book Appointment: 8906005000,9733257788